ताकेदा कम्पनीको खोपको लागि
**(२०२२ साल मे)**

# कोरोनाभाइरस खोपका निर्देशनहरु

(बुस्टर डोज (तेस्रो डोज) को खोप लिनका लागि)

कोरोनाभाइरस खोपका बारेमा

यो कोरोनाभाइरसको खोप केन्द्रिय र स्थानिय सरकारको खोप कार्यक्रम (SARS-CoV-2) को एक हिस्सको रुपमा संचालनमा आउँदैछ। यस खोपलाई सार्बजनिक कोषद्वारा कभर गरिएको छ र खोप लिन चाहनेहरुलाई नि:शुल्क उपलब्ध गराउनेछ। साथै यो भ्याक्सिन १८ वर्ष वा सो भन्दा माथिका उमेरका व्यक्तिले लिन सक्नेछन्।

खोपको प्रभावकारिता र खोप लिने विधि

यस पटक लगाउने खोप नोभाभ्याक्स कम्पनीबाट उत्पादन प्रविधि स्थानान्तरण अधिकार प्राप्त गरी ताकेदा कम्पनीद्वारा उत्पादित भ्याक्सिन हो। यस खोपले कोरोनाभाइरसको लक्षण देखिने कुराहरूको रोकथाम गर्दछ।
ओमिक्रोन भेरिएन्टको महामारी सुरु हुनु अघिको तथ्याङ्क भए तापनि, १८ वर्ष वा सो भन्दा माथिका उमेरका व्यक्तिहरूमा गरिएको क्लिनिकल परीक्षणमा यो औषधिको बुस्टर डोज लगाएको २८ दिन पछिको न्युट्रलाइज्ड एन्टिबडि भ्याल्यु, दोस्रो डोज लगाएको १४ दिन पछिको न्युट्रलाइज्ड एन्टिबडि भ्याल्युको तुलनामा लगभग ४ गुणा बढी भएको पाइएको छ र यसबाट एक निश्चित स्तरको प्रभावकारिताको अपेक्षा गर्न सकिन्छ भनेर मानिएको छ। पहिलो खोप (पहिलो डोज र दोस्रो डोज) लगाउँदा यो औषधि बाहेकका अन्य भ्याक्सिनहरू लगाई बुस्टर डोज लगाउँदा यो औषधि भएको खोप (वैकल्पिक खोप) लगाएको अवस्थाको जानकारी हालको स्थितिमा सीमित छ। तर जापानमा औषधि स्वीकृत गरिएको खोप अन्तराल फरक भएको कुरामा ध्यान दिनुपर्ने भए तापनि, विदेशमा गरिएको परीक्षणमा वैकल्पिक खोपमा पनि उल्लेखनीय रूपमा एन्टिबडि बढेको कुरा जानकारीमा आएको छ। साथै ओमिक्रोन भेरिएन्ट प्रतिको जानकारी सीमित भए तापनि यो औषधि ३ पटक लगाएर न्युट्रलाइज्ड एन्टिबडि भ्याल्यु बढेको कुरा जानकारीमा आएको छ।

| | |
|---|---|
| नाम | Nuvaxovid® Intramuscular injection |
| क्षमता र प्रभाबहरू | SARS-CoV-2 को संक्रमणको रोकथाम |
| खोपको डोज र समय अन्तराल | एक पटक (दोस्रो डोजको खोप समाप्त भएर निश्चित अवधि पार गरिसकेपछि)<br>*इन्ट्रामस्क्युलर इन्जेक्शन |
| खोपको लक्षित उमेर | १८ वर्ष वा सो भन्दा माथि |
| खोपको मात्रा | प्रति डोज ०.५ mL १ पटक |

- प्रतिरोध खोप ऐनमा आधारित दोस्रो डोज लगाएको बेलादेखि तेस्रो डोज लगाउने बेलासम्मको अन्तराल ६ महिना वा सोभन्दा बढी रहेको छ।
- पहिलो डोज र दोस्रो डोज लगाउँदा जुन किसिमको भ्याक्सिन प्रयोग गरेको भए तापनि, यो भ्याक्सिन लगाउन सकिन्छ।
- यस खोपको दोस्रो डोज लिएको ७ दिन पछि मात्र पर्याप्त रोग प्रतिरोधात्मक शक्ति प्राप्त हुन्छ भन्ने बिश्वास गरिन्छ। यो भ्याक्सिनको बुस्टर डोज लगाए तापनि यसले पूर्ण रूपमा रोगको लक्षण देखिने जस्ता कुराहरूको रोकथाम गर्न सकिने होइन। तपाईले खोप लिएपनि नलिएपनि संक्रमण रोकथामका उचित उपायहरु अपनाउनु पर्दछ ।

खोप लिन नमिल्ने ब्यक्तिहरु

निम्न कुरा भएका व्यक्तिहरुले यो खोप लिन मिल्दैन। यदि तलका कुनै कुरा मिल्न गएमा खोप लिनुभन्दा अगाडि डाक्टरसँग परामर्श गर्नुहोस्।

- ज्वरो आएका व्यक्तिहरू (*१)
- गम्भीर रोगबाट ग्रस्त व्यक्तिहरू
- यस खोपमा भएका तत्त्वहरूसँग स्वास्थ्यमा गम्भीर संवेदनशीलता (*२) भएका व्यक्तिहरू
- माथि उल्लेखित बाहेक व्यक्तिहरु जसले यो खोप प्राप्त गर्न सक्दैनन् ।

(*१) सामान्यतया ज्वरो ३७.५ डिग्री भन्दा बढी तापक्रमलाई बुझिन्छ। जहाँसम्म तापक्रम ३७.५ डिग्री सेल्सियस भन्दा कम भए पनि सामान्य शरीरको तापक्रमको आधारमा यसलाई ज्वरोको रूपमा मानेको केसहरूमा यो आवश्यक रूपमा लागू हुँदैन।
(*२) एनाफिलाक्सिस र एनिफिलाक्सिसको बहुलक्षणहरू जस्तै सामान्य छाला तथा म्यूकस झिल्ली सिन्ड्रोम, सास फेर्दा घ्यार-घ्यार आवाज आउने, स्वास-प्रश्वास सम्बन्धि रोग (डिस्प्निया), टाचिकार्डियार हाइपरटेन्सन भएका व्यक्तिहरु। पहिलो वा दोस्रो डोजको खोप लिँदा यस किसिमका लक्षण देखा परेका व्यक्तिले बुस्टर डोजको खोप लिँदा, पहिला लिएको किसिमको नै भ्याक्सिनको खोप लिन मिल्दैन।

खोप लिने बेला सावधान हुनुपर्ने व्यक्तिहरु
यस खोपका सम्बन्धमा निम्न मध्ये कुनै पनि कुरा मिल्न गएमा सावधान हुनुपर्छ र खोप लिनु अघिको परामर्शका बेला डाक्टरलाई बताउनुहोस्।

- एन्टीकोआगुलेन्ट थेरापीका ब्यक्तिहरू, थ्रोम्बोसाइटोपेनिया वा कोगुलेसन डिसआर्डर भएका ब्यक्तिहरू
- बिगतमा रोग प्रतिरोधक्षमतामा कमी (इम्युनोडेफिशियन्सी) पत्ता लागेको व्यक्ति वा नजिकका आफन्तहरू जन्मजात प्रतिरोध क्षमता कम भएका व्यक्तिहरू
- मुटू, मृगौला, कलेजो, रक्त संचार तथा शारीरिक विकास सम्बन्धी अन्तर्निहित चिकित्सा अवस्थाका व्यक्तिहरू
- विगतमा खोप लिँदा खोप लिएको २ दिनभित्र ज्वरो वा शरीरको कुनै भागमा दागहरु जस्ता एलर्जीका लक्षणहरूभएका व्यक्तिहरू
- बिगतमा ऐंठन (काम्ने, मुर्छा हुने) भएका व्यक्तिहरू
- यस खोपमा भएका रासायनिक पदार्थबाट एलर्जी हुन सक्ने व्यक्तिहरू

(पछाडी पल्टाउनुहोस्)

गर्भवती एवं गर्भवती भएको शंका भएका व्यक्ति तथा स्तनपान गराइरहेका व्यक्तिहरूले खोप लिनुअघिको परामर्शका समयमा डाक्टरलाई भन्नुहोस्। यद्यपि नियमित रूपमा जँचाइरहेको प्रसूति तथा स्त्री रोग चिकित्सकसँग निश्चय नगरेको अवस्थामा पनि, खोप लिनु भन्दा अगाडि जाँच गर्ने चिकित्सकले खोप लगाउन सकिने भनेर निर्णय गरेको खण्डमा, खोप लगाउन सकिन्छ।
यस खोपमा एक पदार्थ समावेश छ जुन पहिले खोपमा कहिल्यै प्रयोग भएको थिएन। यदि तपाईसँग बिगतमा औषधि प्रति अत्यधिक संवेदनशीलता वा एलर्जी भएको छ भने, खोपपूर्व परामर्शको समयमा डाक्टरलाई भन्नुहोस्।

खोप लिएपछिको सावधानी

- यो खोप लिई सकेपछि, कृपया तपाईले खोप लगाउनु भएको स्थानमा कम्तिमा १५ मिनेट पर्खनुहोला (गम्भिर एलर्जीको लक्षणहरू भएका वा अस्वस्थता महसुस हुने, अचेत महसुस हुने व्यक्तिहरू कम्तिमा ३० मिनेट पर्खनुहोला) र यदि तपाईंलाई अस्वस्थ महसुस भएमा तुरुन्त आफ्नो डाक्टरलाई सम्पर्क गर्नुहोस्। (यसले अचानक हुने साइड इफेक्टको समाधान गर्न सम्भव हुन्छ।)
- सुइ लगाएको ठाउँ सफा राख्नुपर्छ। त्यहि दिन नुहाउन पनि सकिन्छ तर सुइ घोचेको ठाँउमा नमाड्नुहोला। साथै खोप लगाएपछि स्वास्थ्य स्थिति खराब भएको बेला, बढी बल लगाएर गर्नुपर्ने कामहरू नगरी, नुहाउने जस्ता कार्यहरू नगर्नुहोस् र शारीरिक स्थितिको अवलोकन गर्नुहोस्।
- नियमित तरिकामा दिन बिताउन सकिन्छ तर ज्यादा कसरत गर्ने तथा अधिक मदिरा सेवन आदि नगर्नुहोस्।

साइड इफेक्ट

- मुख्य साइड इफेक्टहरूमा इन्जेक्शन गरिएको ठाउँमा दुखाइ, टाउको दुख्ने, जोर्नी तथा मांसपेशी दुख्ने, थकान, जाडो, ज्वरो आदि पर्दछन्। गम्भिर साइड इफेक्टमा सक हुने वा चिलाउने-फोका उठ्ने (एनाफिलाक्सिस) सम्म हुनसक्छ। यदि तपाईले खोप लिएपछि कुनै लक्षणहरू देख्नुभयो भने, खोप दिने चिकित्सक वा तपाइँको पारिवारिक चिकित्सकसँग सल्लाह लिनुहोस्।

खोपबाट स्वास्थ्यलाई हानी पुग्न गएमा त्यसको राहत प्रणालीका बारेमा
खोपले स्वास्थ्य समस्याहरू निम्त्याउन सक्ने कुरालाई मध्यनजर गरी यसको राहत प्रणाली स्थापित गरिएको छ।
कोरोनाभाइरस खोपको कारणले स्वास्थ्यमा क्षति भएको खण्डमा, खोप ऐन अन्तर्गत राहत (चिकित्सा खर्च, अशक्त पेन्शन लाभहरू आदि) लिन सकिन्छ। यसको आवश्यक आवेदन प्रक्रियाको लागि आफु बसोबास गर्ने नगरपालिकामा परामर्श गर्नुहोस्।

कोरोना-भाइरस संक्रमणको बारेमा
जब SARS-CoV-2 को संक्रमण हुन्छ, ज्वरो र खोकी जस्ता सामान्य रुघाको जस्तै लक्षणहरू देखिन्छ। धैरै व्यक्तिहरूमा यस्ता हल्का लक्षणहरू आफैं निको हुने भएपनि गम्भिर सवालहरूमा निमोनियाका लक्षणहरू जस्तै सास फेर्न गाहो हुँदै जान्छ र मृत्युसम्म पनि हुन सक्छ।

यसपटक लगाउने नोवल कोरोनाभाइरसको खोप (ताकेदा कम्पनीद्वारा उत्पादित) को विशेषता
यो औषधि रिकम्बिनेन्ट प्रोटीन भ्याक्सिन हो र यो SARS-CoV-2 स्पाइक प्रोटीन (भाइरस मानव कोषमा प्रवेश गर्नको लागि आवश्यक प्रोटीन) को जीनको आधारमा बनाइएको रिकम्बिनेन्ट प्रोटीनलाई नानोपार्टिक्युलेट फर्मुलेसन हो। यसमा प्रतिरक्षा शक्ति बढाउने योजक मिसाइएको छ। यो औषधि भएको खोपद्वारा रिकम्बिनेन्ट स्पाइक प्रोटीनलाई मानव शरीरको कोषिकाभित्र राखेपछि स्पाइक प्रोटीन विरुद्धको न्युट्रलाइज्ड एन्टिबडिको उत्पादन तथा कोषिकाको प्रतिरक्षा प्रणालीको स्थापना हने हुनाले SARS-CoV-2 बाट हुने संक्रमणको रोकथाम गर्न सकिन्छ भनेर सोचिएको छ।

यस औषधिमा निम्न सामग्रीहरू समावेश छन्।

| | |
|---|---|
| सक्रिय पदार्थ (Active ingredient) | ✧ SARS-CoV-2 rS (SARS-CoV-2 को रिकम्बिनेन्ट स्पाइक प्रोटीन) |
| अन्य योजक (Additives) | ✧ Matrix-A[नोट)]<br>✧ Matrix-C[नोट)]<br>✧ सोडियम फोस्फेट डाइबासिक हेप्टाहाइड्रेट<br>✧ सोडियम डाइहाइड्रोजनफोस्फेट मोनोहाइड्रेट<br>✧ सोडियम क्लोराइड<br>✧ पोलिसोर्बेट ८०<br>✧ pH रेगुलेटर |

नोट) योजकको रूपमा कोलेस्ट्रोल, फोस्फेटिडाइलकोलिन, सोडियम डाइहाइड्रोजनफोस्फेट डाइहाइड्रेट, पोटासियम डाइहाइड्रोजन फोस्फेट, पोटासियम क्लोराइड र सोडियम क्लोराइड समावेश गरिएको छ।

कोरोनाभाइरस खोपको प्रभावकारिता र सुरक्षाका बारे थप जानकारीको लागि कृपया स्वास्थ्य, श्रम तथा कल्याण मन्त्रालयको वेबसाइटमा हेर्नुहोस्।

Ministry of Health, Labor and Welfare Novel Coronavirus Vaccines | Search

यदि तपाईं वेबसाइट हेर्न असमर्थ हुनुहुन्छ भने, कृपया तपाईंको स्थानीय पालिकामा सम्पर्क गर्नुहोस